# थाक्रे गाउँपालिकाका उपाध्यक्ष श्री यन्त्र बहादुर थापाज्यूबाट गाउँसभामा पेश गर्नु भएको

# आर्थिक वर्ष २०८२।०८३ को बजेट वक्तव्य

थाक्रे गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
महादेववेशी, धादिङ
बागमती प्रदेश, नेपाल

# आर्थिक वर्ष २०८२।०८३ को बजेट वक्तव्य

**आदरणीय गाँउसभाका सभाध्यक्षज्यू,**
**गाउँसभाका सदस्यज्यूहरु,**

१. थाक्रे गाउँपालिकाको उपाध्यक्षको हैसियतले यस सम्मानित १७औं गाउँसभा समक्ष आगामी आर्थिक वर्ष २०८२|०८३ को बजेट प्रस्तुत गर्न उपस्थित भएको छु।

२. यस ऐतिहासिक अवसरमा नेपालको राजनौतिक परिवर्तन, सार्वभौमसत्ता, स्वाधिनता, भौगोलिक अखण्डता, राष्ट्रिय हित, लैंगिक समानता, लोकतन्त्र, गणतन्त्र, संविधान, समाबेशिता, संघीयता पहिचान र वर्ग संघर्षको पक्षमा र शासकीय स्वरुप परिवर्तन गर्न २००७ सालको परिवर्तन,२०४६ सालको जनआन्दोलन, २०५२ साल देखि सुरु भएको १० वर्षे महान जनयुद्ध, २०६२।६३ को जनआन्दोलन लगायतका सम्पूर्ण लोकतान्त्रिक आन्दोलनका लागी आफ्नो अमुल्य ज्यान आहुति दिने ज्ञात अज्ञात शहिदहरु प्रति उच्च सम्मान व्यक्त गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु।

३. थाक्रेवासीको हितलाई केन्द्रविन्दुमा राखी नेपालको संविधान, नेपाल सरकारको सोह्रौ योजना, दिगो विकास लक्ष्य, दिर्घकालीन योजना, आवधिक योजना, वार्षिक नीति तथा कार्यक्रम कार्यान्वयन गर्ने दस्ताबेजको रुपमा रहेको बजेट प्रस्तुत गरिरहदा अत्यन्तै गौरवान्वित महसुस गर्दै आजको यस गरिमामय सभामा उपस्थित सबैलाई हार्दिक अभिवादन सहित स्वागत गर्दछु।

४. बजेट तर्जुमा गर्दा गाउँपालिकाको नीति तथा कार्यक्रम, आवधिक योजना, सिद्धान्त र प्राथमिकताबीचको सामन्जस्यतालाई जोड दिएको छ। गाउँपालिकाको विकास साझेदार, निजी क्षेत्र, नागरिक समाजमा, विद्धत वर्ग तथा आम नागरिकबाट प्राप्त रचनात्मक सुझावलाई ग्रहण गरेको छ।

५. विकासप्रति गाउँवासीको चाहना, आवश्यकता र सामर्थ्य तथा राजस्व परिचालनको सिमित दायरालाई दृष्टिगत गरी स्रोत साधनको न्यायोचित परिचालनमा जोड दिएको छ ।

६. **"समृद्ध थाक्रे सुखी थाक्रेवासी"** को सोचका साथ समग्र विकासमा विशेष जोड दिएको छु। दिगो विकास, वातावरण संरक्षण, जनताको हक अधिकारको रक्षा गर्दै जनमुखी र जनपक्षीय कामलाई निरन्तरता दिने प्रतिबद्धताका साथ थाक्रे गाउँपालिकाको विकास, समृद्धि, रोजगारी र सुशासनको सुनिश्चितता भन्ने थाक्रेको लक्ष्यलाई निरन्तरता दिईदै थाक्रेवासिको जीवनमा अनुभूतयोग्य परिवर्तन हासिल गर्ने उद्देश्य पूरा गर्न सघाउ पुग्ने गरी बजेट तर्जुमा गरेको छु।

७. जनचाहनालाई सम्बोधन गर्ने क्रममा सिमित बजेटबाट असिमित मागहरु सम्बोधन गर्न अवश्य पनि सहज र जनअपेक्षा अनुरुप माग पुरा गर्न सहज छैन, तथापी गाउँपालिकाको वर्तमान आवश्यकता र दिर्घकालिन विकास लक्ष्य पुरा गर्न दिगो विकासमा टेवा पुग्ने र पालिकावासीको जीवन स्तरमा प्रत्यक्ष सरोकार राख्ने प्रकृतिका योजनाहरु एवम् रोजगारी सृजना गर्न सक्ने योजनाहरूलाई प्राथमिकतामा राखी बजेट विनियोजन गरेको छु।

८. दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पुरा गर्न संघीय शासन व्यवस्था अवलम्वन गरिएसँगै थाक्रे गाउँपालिका स्थापनाको ८ वर्ष पुरा भएको र यस अवधिमा आर्थिक तथा सामाजिक क्षेत्र सुधारका महत्वपूर्ण आधारशिला निर्माण भएको छ।

९. शासन व्यवस्था र शासकीय क्रियाकलापमा नागरिकको सहज पहुँच र सहभागिता अभिवृद्धि हुनुका साथै थाक्रे गाउँपालिकाप्रति नागरिकको अपनत्व र स्वामित्व स्थापित हुदै गएको छ। विभेद, बञ्चितिकरण र बहिष्करणमा परेका समुदायका नागरिकको सम्मानजनक सामाजिक जीवनको प्रत्याभूति भइरहेको छ। नागरिकको अपेक्षा अनुरुप सार्वजनिक सेवा प्रवाहलाई घरदैलोमा पुऱ्याउने लक्ष्यमा आशातित प्रगति भइरहेको छ।

## आदरणीय सभाध्यक्ष महोदय,

अब म गाउँपालिकाको आगामी बजेटका उद्देश्य र प्राथमिकता प्रस्तुत गर्दछु ।

बजेटका उद्देश्यहरु देहाय बमोजिम रहेका छन्।

१. कृषि तथा पशुपालन क्षेत्रको विकास मार्फत जीवनस्तर वृद्धि गर्ने।

२. गुणस्तरीय सार्वजनिक सेवा प्रवाह मार्फत सुशासन अभिवृद्धि गर्ने।

३. गुणस्तरीय र आधुनिक पूर्वाधार विकास गर्ने।

४. स्रोत र साधनलाई सन्तुलित र समन्यायिक ढङ्गले परिचालन गरी गाँस, वास, गरिवी न्यूनीकरण गर्नु।

५. रोजगारी सिर्जना तथा उत्पादन र उत्पादकत्व वृद्धि गर्ने।

६. दिगो विकासका लक्ष्यहरु पूरा गर्ने।

७. कृषि, पर्यटन र यातायातको एकिकृत विकासबाट आधुनिक समुन्नति प्राप्त गर्ने।

८. सूचना र आधुनिक प्रविधिको समूचित प्रयोग गरी समयानुकुल विकास प्रणाली अवलम्बन गर्ने।

९. वन, वातावरण तथा विपद व्यवस्थापनमा दिगोपनामा आधारित विधिहरु प्रयोग गरि स्वच्छ र हरियाली पालिका स्थापना गर्ने।

**प्राथमिकताका विषयहरुः**

१. कृषिको आधुनिकीकरण, व्यवसायिकरण र बजारीकरण गरी कृषि उत्पादन एवम् उत्पादकत्व अभिवृद्धि मार्फत खाद्य सुरक्षाको प्रत्याभुति,

२. उत्पादनमूलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने,

३. जनताको जीवनस्तर, आम्दानी र रोजगारी बढ्ने,

४. गुणस्तर तथा सर्वसुलभ स्वास्थ्य सेवामा सुधार,

५. दिगो विकासका लक्ष्यहरु प्राप्त हुने,

६. जीवन उपयोगी, सिपयुक्त एवम् गुणस्तरिय शिक्षामा लगानी,

७. स्थानीय सहभागिता जुट्ने, स्वयंसेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने,

८. स्थानीय स्रोत, साधन र सिपको अधिकतम प्रयोग,

९. महिला, बालबालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने,

१०. लैङ्गिक समानता र सामाजिक समावेशीकरण अभिवृद्धि हुने।

११. दिगो र गुणस्तरीय पूर्वाधार विकास हुने ।

**आदरणीय गाँउसभाका सभाध्यक्षज्यू,**
**गाउँसभाका सदस्यज्यूहरु,**

अब म चालु आर्थिक वर्षको हाल सम्मको प्रगति विवरण पेश गर्दछु। चालु आर्थिक वर्षको मिति २०८२/०३/०९ गते सम्मको आम्दानी तथा खर्चको यथार्थ विवरण यस प्रकार रहेको छः

## आम्दानी/खर्च विवरणः

चालु आर्थिक बर्षमा आर्थिक विकास क्षेत्र तर्फ विनियोजित रकम ७ करोड २१ लाख ७२ हजार विनियोजन गरिएकोमा २ करोड ४७ लाख ५३ हजार ६ सय ६८ रुपैयाँ मात्र खर्च भएको छ। यो विनियोजित रकमको ३४.२९ प्रतिशत हुन आँउछ। सामाजिक विकास तर्फ ४० करोड ६९ लाख ९४ हजार विनियोजन गरिएकोमा २४ करोड ३५ लाख ४७ हजार ६ सय १३ रुपैयाँ मात्र खर्च भएको छ। यो विनियोजित रकमको ५९.८४ प्रतिशत हुन आउँछ। पूर्वाधार विकास तर्फ ३५ करोड ७१ लाख ९३ हजार रुपैयाँ विनियोजन गरिएकोमा १४ करोड २ लाख १४ हजार ९ सय २४ रुपैयाँ

मात्र खर्च भएको छ। यो विनियोजित रकमको ३९.२५ प्रतिशत हुन आउछ। सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र तर्फ १ करोड ५७ लाख ९९ हजार विनियोजन गरिएकोमा ४१ लाख ७८ हजार ४ सय ९४ रुपैयाँ मात्र खर्च भएको छ। यो विनियोजित रकमको २६.४५ प्रतिशत हुन आउछ।

कार्यालय सञ्चालन तथा प्रशासनिक खर्च तर्फ १६ करोड ५८ लाख ५६ हजार ८ सय मात्र बिनियोजन गरीएकोमा १० करोड ०४ लाख ४८ हजार ८ सय ९० रुपैया मात्र खर्च भएको छ। यो बिनियोजित रकमको ६०.५६ प्रतिशत हुन आउँछ। समग्रमा आम्दानी र खर्च शीर्षकमा विनियोजन भएको कुल रकमको खर्च हालसम्म ५०.४ प्रतिशत रहेको छ।

आर्थिक विकास अन्तर्गतको कृषिमा रु. २ करोड ८४ लाख ९२ हजार विनियोजन भएकोमा ६४ लाख ८५ हजार ८ सय ५५ रुपैंया खर्च भएको र खर्च प्रतिशत जम्मा २२.७६ रहेको छ। साथै जलश्रोत तथा सिंचाईमा रु. २ करोड १० लाख ८९ हजार बिनियोजन भएकोमा खर्च रु १ करोड बत्तिस लाख ४२ हजार १ सय ८३ खर्च भएको र खर्च प्रतिशत जम्मा ६२.७९ रहेको छ। पशुपन्छी विकासमा रु. १ करोड ६६ लाख ९१ हजार बिनियोजन भएकोमा जम्मा ६० लाख ३८ हजार ७ सय ५५ रुपैंया खर्च भएको र खर्च प्रतिशत जम्मा ३६.१८ रहेको।

सामाजिक विकास अन्तर्गतको शिक्षा उपक्षेत्रमा २६ करोड १८ लाख २७ हजार विनियोजन भएकोमा १९ करोड ३७ लाख ५१ हजार ९ सय ४२ रुपैया मात्र खर्च भएको र खर्च प्रतिशत जम्मा ७४ रहेको छ। स्वास्थ्य उपक्षेत्रमा ५ करोड ४९ लाख ६२ हजार विनियोजन भएकोमा २ करोड ७५ लाख ११ हजार ३ सय बयानब्बे खर्च भएको र खर्च प्रतिशत जम्मा ५०.०६ रहेको। खानेपानी तथा सरसफाई उपक्षेत्रमा १ करोड ६५ लाख ५५ हजार रुपैंया विनियोजन भएकोमा खर्च रु ५५ लाख ७५ हजार ५ सय २८ रुपैया खर्च भएको र खर्च प्रतिशत ३३.६८ रहेको। लैंगिक समानता तथा सामाजिक समावेशीकरण उपक्षेत्रमा २ करोड २८ लाख २६ हजार विनियोजन भएकोमा ८८ लाख २४ हजार १ सय ७३ रुपैंया खर्च भएको र खर्च प्रतिशत ३८.६५ प्रतिशत रहेको। युवा तथा खेलकुद उपक्षेत्रमा १ करोड ९६ लाख विनियोजन भएकोमा २६ लाख ६३ हजार ९ सय ६३ रुपैंया खर्च भएको र खर्च प्रतिशत १३.५९ रहेको। सामाजिक सुरक्षा तथा संरक्षण उपक्षेत्रमा ९९ लाख ९४ हजार विनियोजन भएकोमा ३२ लाख ३० हजार १ सय ९३ रुपैया खर्च भएको, खर्च प्रतिशत ३२.३२ रहेको।

पुर्वाधार विकास क्षेत्र अन्तर्गतको यातायात पुर्वाधार उपक्षेत्रमा २७ करोड १४ लाख ३८ हजार रुपैया विनियोजन भएकोमा रु १० करोड ३० लाख ९३ हजार ८ सय ४६ खर्च भएको र खर्च प्रतिशत ३७.९७ रहेको। भवन, आवास तथा सहरी विकास उपक्षेत्रमा ८ करोड ९ लाख ५५ हजार रुपैया

विनियोजन भएकोमा ३ करोड ५२ लाख ३४ हजार ७८ रुपैंया खर्च भएकोमा खर्च प्रतिशत ४३.५२ रहेको।

सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र अन्तर्गतको विपद् व्यवस्थापन उपक्षेत्रमा ७३ लाख बजेट विनियोजन भएकोमा ३२ लाख ८५ हजार खर्च भएको र खर्च प्रतिशत ४५ रहेको ।

कार्यालय सञ्चालन तथा प्रशासनिक खर्चमा रु. १६ करोड ५८ लाख ५६ हजार ८ सय विनियोजन भएकोमा, १० करोड ९ लाख ५७ हजार ३ सय पैसट्ठी रुपैया खर्च भएको र खर्च प्रतिशत ६०.८७ रहेको।

## आ. व. २०८२।०८३ को अनुमानित आय देहाय बमोजिम प्रस्तुत गर्दछुः

संघिय सरकार, बागमती प्रदेश सरकार र आन्तरिक आय समेत गरि आगामी आ. व. २०८२।०८३ का लागी जम्मा रु. ९३ करोड १२ लाख ४५ हजारको अनुमानित आय प्रस्ताव गरेको छु। जसमध्ये

**क)** संघिय सरकारबाट प्राप्त वित्तिय समानिकरण अनुदान रकम रु. १४ करोड ८२ लाख, संघिय राजस्व बाडफाडबाट रु. ८ करोड ९० लाख ४८ हजार १ सय ३५ रुपैया, संघिय बिशेष अनुदानबाट रु. ८५ लाख, संघीय समपुरक अनुदानबाट रु. ८० लाख र सशर्त अनुदान रु २३ करोड ५९ लाख गरि जम्मा रु ४८ करोड ९६ लाख ४८ हजार १ सय ३५ रुपैया प्राप्त भएको छ ।

**ख)** बागमती प्रदेश सरकारबाट प्राप्त वित्तिय समानिकरण अनुदान रकम रु १ करोड ६२ लाख २६ हजार, प्रदेश राजस्व बाडफाडबाट रु. ३ करोड ५३ लाख ५० हजार १ सय ८९ रुपैया, प्रदेश बिशेष अनुदानबाट रु. ६५ लाख ,प्रदेश समपुरक अनुदानबाट रु २ करोड २४ लाख र प्रदेश सशर्त अनुदान रु ३ करोड ९९ लाख ४० हजार गरि जम्मा रु. १२ करोड ४ लाख १६ हजार १ सय ८९ रुपैया मात्र प्राप्त भएको छ।

ग) आन्तरिक आय तर्फ अघिल्लो आ वको अल्या, स्थानीय राजस्व बाडफाड, बेरुजु असुली, अन्य सेवा शुल्क तथा बिक्री र अन्य क्षेत्रको आय लगायतबाट प्राप्त हुने रु ३२ करोड ११ लाख ८० हजार ६ सय ७६ रुपैया अनुमान गरेको छु।

अब म यस गाउँपालिकाको आगामी आ. व. २०८२/०८३ को विषयगत क्षेत्रमा विनियोजन गरिएको अनुमानित व्यय विवरण यस सम्मानित सभामा प्रस्तुत गर्न अनुमति चाहान्छु ।

संघीय सरकार र बागमती प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान र समपूरक अनुदानको रकम सम्बन्धित शीर्षकमा खर्च हुने व्यवस्था मिलाएको छु। गाउँपालिकाको प्रशासनिक खर्च राजश्व बाँडफाँड

र आन्तरिक श्रोतबाट हुने गरि व्यवस्था मिलाएको छु। प्रशासनिक खर्चलाई न्यूनीकरण गर्दै पूँजीगत खर्च तर्फ वजेट बृद्धि गर्ने प्रयत्न गरेको छु।

जम्मा बजेट ९३ करोड १२ लाख ४५ हजार मध्ये चालु खर्च तर्फ कुल बजेटको ४९ प्रतिशतले हुन आउने रकम रु ४५ करोड ६३ लाख १० हजार पचास र पुजीगत तर्फ कुल बजेटको ५१ प्रतिशतले हुन आउने रकम रु ४७ करोड ४९ लाख ३४ हजार ९ सय ५० विनियोजन गरेको छु। जस मध्ये आर्थिक विकास तर्फ रु ११ करोड ९५ लाख ३२ हजार, सामाजिक विकास तर्फ रु ३१ करोड ७६ लाख १४ हजार, पूर्वाधार विकास तर्फ रु २५ करोड ११ लाख ५२ हजार, कार्यालय तथा प्रशासनिक तर्फ रु १८ करोड ७६ लाख ४७ हजार र सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र तर्फ रु ५ करोड ५३ लाख विनियोजन गरेको छु ।

## आदरणीय सभाध्यक्ष ज्यू,

आगामी आर्थिक वर्ष २०८२/०८३ को लागि विनियोजन गरिएको कुल बजेट रकम रु ९३ करोड १२ लाख ४५ हजार रुपैयाँ को क्षेत्रगत विवरण पेश गर्दछु ।

| **क.सं.** | **विवरण** | **रकम रु.** |
|---|---|---|
| **१** | **आर्थिक विकास** | **११ करोड ९५ लाख ३२ हजार** |
| १.१ | कृषि | ३ करोड ९० लाख १६ हजार |
| १.२ | उद्योग | ३० लाख |
| १.३ | पर्यटन | १ करोड १६ लाख |
| १.४ | सिंचाइ | ३ करोड ७० लाख २१ हजार |
| १.५ | पशुपन्छि बिकास | २ करोड ८८ लाख ९५ हजार |
| **२** | **सामाजिक विकास** | **३१ करोड ७६ लाख १४ हजार** |
| २.१ | शिक्षा | १८ करोड ५८ लाख ९० हजार |
| २.२ | स्वास्थ्य | ५ करोड ६० लाख ५२ हजार |
| २.३ | खानेपानी तथा सरसफाई | २ करोड ९८ लाख ४६ हजार |
| २.४ | लैगिंक समानता तथा सामाजिक समावेशीकरण | २ करोड ८० लाख ७६ हजार |
| २.५ | सामाजिक सुरक्षा तथा संरक्षण | १ करोड ७७ लाख ५० हजार |
| **३** | **पूर्वाधार विकास** | **२५ करोड ११ लाख ५२ हजार** |
| ३.१ | यातायात पूर्वाधार | २२ करोड ३८ लाख १६ हजार |
| ३.२ | भवन आवास तथा सहरी विकास | २ करोड ११ लाख ८६ हजार |
| ३.३ | उर्जा | २५ लाख ५० हजार |
| ३.४ | संचार तथा सुचना प्रविधि | ३६ लाख |
| ४ | **सुशासन तथा अन्तर सम्बन्धित क्षेत्र** | **५ करोड ५३ लाख** |

| | | |
|---|---|---|
| ४.१ | विपद व्यवस्थापन | २ करोड ९८ लाख ५२ हजार |
| ४.२ | श्रम तथा रोजगारी | १ करोड ४० लाख ३३ हजार |
| ४.३ | कानुन तथा न्याय | ४६ लाख |
| ४.४ | तथ्याङ्क प्रणाली | २२ लाख १५ हजार |
| ४.५ | गरीबि निवारण | ४६ लाख |
| **५** | **कार्यालय सञ्चालन तथा प्रशासनिक** | **१८ करोड ७६ लाख ४७ हजार** |
| | **जम्मा** | **९३ करोड १२ लाख ४५ हजार रुपैयाँ** |

**आदरणीय गाँउसभाका सभाध्यक्षज्यू,**
**गाउँसभाका सदस्यज्यूहरु,**

अन्त्यमा, आ.व. २०८२।०८३ मा थाक्रे गाउँपालिकाको वार्षिक बजेट तर्जुमा गर्ने सन्दर्भमा सहयोग पुर्याउनु हुने गाउँपालिकाका अध्यक्षज्यू, प्रमुख प्रशासकीय अधिकृतज्यू, विभिन्न समितिका संयोजक तथा सदस्यज्यूहरु, वडा अध्यक्ष तथा कार्यपालिका सदस्यहरु लगायत योजना तथा बजेट तर्जुमा कार्यमा प्रत्यक्ष तथा परोक्ष रुपमा खट्नु भएका सम्पुर्ण राष्ट्रसेवक कर्मचारीहरु प्रति आभार ब्यक्त गर्दछु। बजेट निर्माणमा परोक्ष सहयोग पुर्याउनु हुने राजनैतिक दल, समाजसेवी, बद्धिजिवी, संचारकर्मी, विभिन्न गैर सरकारी संस्था, सुरक्षा निकाय एंव आम थाक्रेवासी लगायत सबैमा हार्दिक धन्यवाद ज्ञापन गर्दछु। साथै बजेटको सफल कार्यान्वयन सबैको साथ र सहयोगको अपेक्षा गरेको छु।

**धन्यवाद ।**

**यन्त्र बहादुर थापा**
**उपाध्यक्ष**
**मिति २०८२ आषाढ १० गते, मङ्गलबार ।**